जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १०२ पृष्ठः ४ | २०८२ साउन २३ गते शुक्रबार (Friday 08 Aug. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## चुरे क्षेत्रको संरक्षण गर्न तीनै तहको सरकार र स्थानीयबीच सहकार्य आवश्यक: कार्यवाहक प्रधानमन्त्री सिंह




सिरहा, २२ साउन। कार्यवाहक प्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले चुरे क्षेत्रको संरक्षण तथा जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि तीनै तहको सरकार र स्थानीयबीच सहकार्य आवश्यक रहेको बताएका छन्। लहानमा निर्माण सम्पन्न भएको नयाँ व्यापारिक भवनको बिहीबार यहाँ एक समारोहबीच उद्घाटन गर्दै कार्यवाहक प्रधानमन्त्री सिंहले चुरेको दीर्घकालीन संरक्षणले मधेसमा देखिएको वातावरणीय समस्या समाधान हुने उल्लेख गरे।

“नेपालको अर्थतन्त्रलाई अघि बढाउने क्रममा सहरी विकास तथा भवन निर्माण विभागले खेलेको भूमिकाको उच्च मूल्याङ्कन गर्दछु”, उनले भने। भवन निर्माण समयमै सम्पन्न गरेकामा प्रशंसा गर्दै कार्यवाहक प्रधानमन्त्री सिंहले यसले आयोजना समयमै सकिन्छ भन्ने सकारात्मक सन्देश दिएको उल्लेख गर्नुभयो। भवनको सही व्यवस्थापन र उपयोग गरिनुपर्नेमा उनले जोड दिए। कार्यक्रममा संविधानसभा सदस्य तथा नेपाली कांग्रेस सिरहाका सभापति रामचन्द्र यादवले जिल्लाको कृषि क्षेत्रको विकासका लागि कमला नदी र कोशी नदीबाट पानी ल्याई सिँचाइ आयोजना निर्माण गर्न आवश्यक रहेको बताए। किसानलाई आवश्यक मलखाद सहज रुपमा उपलब्ध गराउन उनले सरकारसँग माग गरे।

लहानका नगरप्रमुख महेशप्रसाद चौधरीले लहानलाई वीरगञ्ज र जनकपुरपछिको तेस्रो ठूलो व्यापारिक केन्द्रका रूपमा चिनाउँदै, सुविधा सम्पन्न भवनले नगरको आर्थिक गतिविधि अझ सुदृढ बनाउने विश्वास व्यक्त गर्नुभयो। सघन सहरी तथा भवन निर्माण आयोजनाका आयोजना प्रमुख सुरेन्द्रकुमार साहका अनुसार सघन सहरी तथा भवन निर्माण

**-बाँकी दुई पेजमा**

## अनलाइन सञ्चारमाध्यम दर्ता गर्ने प्रावधानको चौतर्फी विरोध

काठमाडौं, २२ साउन। नेपाल पत्रकार महासंघले केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमार्फत छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन संशोधन गरेर सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मातहतको निकायमा हुँदै आएको अनलाइन सञ्चारमाध्यमको दर्ता गृह मन्त्रालय मातहतको निकायमा हुनेगरी ल्याएको प्रावधानको विरोध गरेको छ।

बिहीबार विज्ञप्ति जारी गर्दै महासंघका महासचिव रामप्रसाद दाहालले सञ्चारमाध्यमको दर्ता प्रमुख जिल्ला अधिकारीको कार्यालयन हुने परिकल्पना संविधानले नगरेको जिकिर गरेका छन्। ‘विद्यमान संविधानले परिकल्पना नगरेको प्रमुख जिल्ला अधिकारीको कार्यालयमा अनलाइन सञ्चारमाध्यम दर्ता, सञ्चालन र नवीकरणको व्यवस्था संविधानको प्रावधान र संघीय शासन प्रणालीविपरीत रहेको महासंघको ठहर छ,’ विज्ञप्तिमा भनिएको छ।

महासंघले यो व्यवस्थालाई पत्रपत्रिका प्रमुख जिल्ला अधिकारीको कार्यालयमा दर्ता गर्ने एकतन्त्रीय पञ्चायतकालीन प्रावधानकै निरन्तरताका रूपमा अर्थ्याएको छ। सरोकारवाला पक्षसँग छलफल र परामर्श नगरी लोकतान्त्रिक संस्कार र मान्यताविपरीत सरकार र संघीय संसद्को मिलेमत्तोमा ल्याइएको भन्दै महासंघले उक्त प्रावधान आपत्तिजनक, अस्पष्ट र अव्यावहारिक रहेको जिकिर गरेको छ।

यसैबीच प्रेस युनियनले पनि उक्त प्रावधानको विरोध गरेको छ। अनलाइन सञ्चारमाध्यमको दर्तासहित सञ्चालन तथा

**-बाँकी तीन पेजमा**

## स्थानीय हाटबजार व्यवस्थित गर्नुपर्ने माग



**जीवछ यादव**

लहान, २२ साउन। सिरहाको १७ वटै पालिकाहरूमा प्रायः स्थानीय हाटबजार लाग्न सुरु भएको छ। स्थानीय हातबजार व्यवस्थित नहुँदा घाम पानीबाट त समस्या मात्रै होइन, असुरक्षाको दृष्टिकोणले समेत त्यति नै जोखिम भइरहेको जन गुनासो आउन थालेका छन्। लहान-ठाडी जाने व्यवस्त सडक चोहर्वा सिरहा जाने अति व्यस्त सडक हुलाकी मार्गमा पर्ने सडक र राष्ट्रिय राजमार्गको किनारामा लाग्ने स्थानीय हाट

**-बाँकी तीन पेजमा**





**स्तनपान गराऔं, बालस्वास्थ्यमा सुधार गरौं।**

- शिशु जन्मिएपछि जतिसक्दो चाँडो (१ घण्टाभित्र) आमाको (विगौती) दुध खुवाऔं,
- जन्मेदेखि ६ महिना पुरा नभएसम्म आमाको दुधमात्र खुवाऔं,
- ६ महिना पुरा भएपछि उमेर अनुसार पूरक खानाका साथै कम्तिमा २ वर्ष सम्म निरन्तर स्तनपान गराओं,
- आमाको दुध शिशुको लागि अमृत समान हो र यसले शिशुको रोगसँग लड्न सक्ने क्षमतालाई बढाउँछ,
- स्तनपानले महिलाहरुमा स्तन क्यान्सर र पाठेघरको क्यान्सर हुने जोखिमलाई कम गर्दछ,
- चिकित्सकको सल्लाह विना शिशुलाई आमाको दुध बाहेक अन्य कुनै किसिमको दुध नखुवाऔं,
- सकेसम्म दुधदानी वा बोतलको दुध प्रयोग नगरौं,
- स्तनपान सम्बन्धी उचित परामर्श तथा थप जानकारीका लागि नजिकैको स्वास्थ्य संस्था वा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई सम्पर्क गरौं।
- विश्व स्तनपान सप्ताह सफल पारौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## आयोग र दलहरू दुवैले संविधानको भावनाको हेक्का राख

नेपालका राजनीतिक दलहरू र संवैधानिक निकायले एकपटक अर्को प्रहसन प्रदर्शन गरेका छन् – 'राजनीतिक दल स्वमूल्यांकन कार्यविधि, २०८२ ' का सन्दर्भमा। निर्वाचन आयोगले आफूलाई राजनीतिक दलहरूको तालुक अ।ठानेर दलहरूलाई तिनको आन्तरिक संगठनात्मक गतिविधिमा 'निर्देशन' दिने दुस्साहस गरेको छ। अनि विपक्षमा रहेका र कम जनाधार भएका लगभग सबै दलका नेताले 'स्वमूल्यांकन' पद्धतिकै चर्को विरोध गरेका छन्। तालुक अ।ले जसरी दलहरूको प्रतिवेदनमाथि छानबिन गर्न कर्मचारीको संयोजकत्वमा समिति बनाउने निर्वाचन आयोगका आयुक्तहरू नेपालको संविधान, २०७२ मा राजनीतिक दलहरूका सम्बन्धमा राखिएका प्रावधानहरूको मर्म बुझ्न नसकेको वा नखोजेको देखिन्छ। राजनीतिक दलहरू 'कानुनी व्यक्ति' भए पनि बाहिरी नियमकानुनबाट पनि व्यवस्थित हुनुपर्ने गैरसरकारी संस्था होइनन्। संविधानको सीमाभित्र रहेर काम गर्न उनीहरूले कसैको निर्देशन पालना गर्नु पर्दैन।

अर्कातिर, नेपालका राजनीतिक दलहरू संविधानमै उल्लेख गरिएका र ऐनद्वारा व्यवस्थित गरिने उल्लेख भएकोले अहिले अधिकांश दलका नेताले ठानेजस्तो 'बपौती' भने होइनन्। संविधानले नै 'प्रतिबन्ध लगाउन बन्देज' गरेर विशेष हैसियत दिएको राजनीतिक दलहरू यसैले 'सार्वजनिक' संस्था हुन्। अर्थात्, राजनीतिक दलहरूको नियमन दलकै विधानले निर्देश गरेअनुसार हुन्छ तर त्यसमा पूर्ण पारदर्शिता हुनैपर्छ। निर्वाचन आयोगद्वारा प्रस्तावित कार्यविधि भने कारिन्दामुखी सोचले ग्रस्त देखिएको छ। यसैले पनि सम्भवतः नौ राजनीतिक दलका नेताहरूको बैठकले यसलाई 'अस्वीकार्य' ठहर गरेका हुन्। निर्वाचन आयोगको सोच र शैलीप्रति उनीहरूको प्रतिक्रिया अस्वाभाविक देखिँदैन। तर, केही नेताले भनेजस्तो कार्यविधि 'ठूला दल'को हित हेरेर बनाइएको भन्न भने मिल्दैन। राजनीतिक दलहरू जति ठूला छन् ती उति नै अपारदर्शी र अस्तव्यस्त छन्। यस्तै नेताको आपत्ति मूल्याङ्कनको कुन मानकमा हो भन्ने नखुलाई हचुवामा अस्वीकार गर्नु हास्यास्पद हो।

निर्वाचन आयोगको नियतमा शङ्का गर्नुपर्ने त देखिँदैन तर प्राविधिक उपायद्वारा राजनीतिक दलहरूलाई व्यवस्थित गर्न खोज्नु लोकतान्त्रिक अभ्यासअनुरूप होइन। सचिवालय त कर्मचारीले सञ्चालन गर्ने नै भए आयुक्तहरू पनि अधिकांश पूर्वकर्मचारी नै हुने हुँदा उनीहरू सबैलाई 'तालुकवाला र मातहत' ठान्नु अनौठो होइन। 'राजनीतिक दल स्वमूल्यांकन कार्यविधि, २०८२' पनि यही मानसिकताबाट तयार भएको देखिन्छ। निर्वाचन आयोगको ढंग नपुगे पनि दलहरूको नियमन आवश्यक छैन भन्न पक्कै पनि मिल्दैन। अहिले नेपालका राजनीतिक दलहरूको सञ्चालनमा दलको विधान र नेपालको संविधानभन्दा नेताको सनक र स्वार्थ नै निर्णायक हुने गरेको देखिन्छ। समानुपातिक प्रतिनिधित्वको किनबेचदेखि दलभित्रको प्रतिशोध र सिद्धान्तहीन गठबन्धनले नेताहरू त अप्रिय भएकै छन् व्यवस्थाकै बदनाम भइरहेको छ।

लगभग सबै राजनीतिक दलका शीर्ष नेतामा मात्र होइन कार्यकर्तामा समेत 'नेता नै दल' ठान्ने अधिनायकवादी मानसिकता देखिन्छ। लाग्छ, राजनीतिक दलहरू साम्प्रदायिक मठ हुन् र नेताहरू कथित '१०८ स्वामी मठाधीस' हुन्। यसरी चलाइएका दलहरू नेपालको संविधान, २०७२ ले दिएको स्थानका लागि योग्य देखिँदैनन्। संस्थालाई 'बपौती' ठान्ने मानसिकताले एक्काइसौं शताब्दीको राजनीतिक दल हाँकिदैन। संविधानको भावना, मर्म र अक्षरको मर्यादा नगर्ने हो संविधानले दिएको सम्मान र संरक्षणको पात्र होईदैन। यसैले नेपालका राजनीतिक दलहरूको समय सापेक्ष लोकतान्त्रिक 'नियमन' हुनु भने जरुरी छ।

दलहरूकै सहभागितामा कम प्राविधिक बढी राजनीतिक र नैतिक मानक निर्माण गरेर 'स्वमूल्याङ्कन' पद्धति लागु गरे केही सुधार होला। तर, मूल समस्या भने नेताहरूको नियत तथा आयोगका कर्मचारीहरूको मानसिकतामा छ। त्यसलाई पो सच्याउने वा सुधार गर्ने कसरी ?

### चुरे क्षेत्रको संरक्षण ..

आयोजना सप्तरी अन्तर्गत लहान–६ र ७ मा रु ३१ करोड ८८ लाखको लागतमा उक्त बहुउद्देश्यीय भवन निर्माण गरिएको हो। सो भवन लहान नगरपालिकालाई हस्तान्तरण गरिएको छ।

# 'डेकाडेन्ट' : लोकतन्त्रको पतनोन्मुख यात्रा



केशव खतिवडा

'डेकाडेन्ट' भन्ने शब्द फ्रेन्च भाषाको 'डेकाडेन्स'बाट आएको हो। जसको शाब्दिक अर्थ हुन्छ, अधोगति, अवनति वा पतनोन्मुख।

यद्यपि सन्दर्भ अनुसार यसले गहिरो र बहुआयामिक अर्थ दिने गर्छ। व्यक्ति विशेषको जीवनशैलीको सन्दर्भमा विलासी, भोगवादी तथा नैतिक रूपमा पतनोन्मुख भन्ने हुन्छ। साहित्य र कलाको सन्दर्भमा परम्पराविरोधी र विलासिता, सौन्दर्यता तथा आत्मकेन्द्रित सोचको अभिव्यक्ति भन्ने हुन्छ। राजनीतिक सन्दर्भमा डेकाडेन्ट शब्दले कुनै बेला ठुलै योगदान गरेको तर अहिले पतनोन्मुख रहेको विचार तथा प्रवृत्ति भन्ने हुन्छ। अर्थात् राजनीतिमा 'डेकाडेन्ट' भन्ने शब्दले नीति, नैतिकता, अनुशासन, सिद्धान्त तथा आदर्शको पतनोन्मुख अवस्थालाई जनाउँछ।

यस आलेखको उद्देश्य राजनीतिक सन्दर्भसँग सम्बन्धित छ। समग्रमा राजनीतिमा डेकाडेन्ट भन्नाले निम्न राजनीतिक प्रवृत्ति तथा नेतृत्वलाई जनाउँछ– १) सिद्धान्तहीन तथा अवसरवादी राजनीति। २) भ्रष्टाचार, नैतिकहीन आचरण र दण्डहीनताको अवस्था। ३) दलीय तथा व्यक्तिगत स्वार्थ र विलासितापूर्ण जीवनशैली। ४) राष्ट्र र जनहितकेन्द्रित भन्दा व्यक्ति र दल स्वार्थकेन्द्रित सत्ता गठबन्धन। ५) नीति, विचारधारा र जनउत्तरदायित्वप्रति बेवास्ता र पदीय दुरुपयोग। ६) सत्ता प्राप्तिका लागि मूल्य र आदर्शको तिलाञ्जली। ७) संविधान र कानुनको लुपहोलहरूको दुरुपयोग। ८) सेटिङमार्फत राज्य व्यवस्थामाथि अप्रत्यक्ष कब्जा, इत्यादि।

यसरी सारमा राजनीतिक डेकाडेन्टले देश र जनताको प्रगति, उन्नति र समृद्धिको सट्टा सत्ताको चरम दुरुपयोग, व्यक्ति र दलीय स्वार्थ पूर्ति, भोगविलासपूर्ण जीवनशैली तथा आत्मकेन्द्रित लाभ मात्र खोज्ने प्रवृत्तिलाई दर्शाउँछ। यस्तो राजनीतिक अवस्थामा लोकतन्त्रलाई कमजोर बनाउने, संविधान र कानुनको अपहेलना हुने र जनताको विश्वास र भरोसा हराउने अवस्थाको सिर्जना हुन्छ। जहाँ आर्थिक र नैतिक पतन मात्र होइन राजनीतिक संस्कृतिको पनि अधोगति भएको हुन्छ। जसको अन्त्य परिवर्तनबाट मात्र सम्भव हुन्छ।

वर्तमान अवस्थामा नेपालको राजनीतिक व्यवस्था डेकाडेन्टतर्फ उन्मुख हुँदै गएको विभिन्न तथ्यले पुष्टि गर्दै गएको छ। मूलतः नेपाली कांग्रेस र कम्युनिस्ट पार्टीले समय र इतिहासको निश्चित कालखण्डमा राष्ट्र र जनताप्रति ठुलै योगदान गरेका थिए। विशेषतः राणाशासन फालेर प्रजातन्त्र ल्याउन, पञ्चायती व्यवस्था ढालेर बहुदलीय व्यवस्था ल्याउन, तत्कालीन राजा ज्ञानेन्द्रको निरंकुशता फालेर गणतन्त्र र संघीयता ल्याउन यिनीहरू लडेका थिए। नेपाली जनताको अपार साथ र विश्वासले उनीहरूकै नेतृत्वमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना भई नेपालको संविधान ०७२ समेत जारी भयो। यद्यपि २०४८ सालमा गिरिजाप्रसाद कोइराला नेतृत्वको जननिर्वाचित सरकारको पालादेखि नै नेपाली राजनीतिमा डेकाडेन्टको प्रवेश भएको प्रस्ट देखिन्छ।

एकल बहुमतको सरकारले संसद् विघटन गर्नेत्र उदारवादका नाममा केही सरकारी स्वामित्वमा रहेका संस्थानलाई कमिसनको खेलमा कौडीको भाउमा बिक्री गर्नेत्र महाकाली सन्धिदेखि लाउडा र धमिजाजस्ता काण्ड मच्चाउनेत्र संयुक्त जनआन्दोलनको सहयात्रीका रूपमा रहेका कांग्रेस र कम्युनिस्टका बिचमा दल र व्यक्ति स्वार्थकेन्द्रित अस्वस्थ प्रतिस्पर्धा गर्नेत्र एमालेको समर्थनमा लोकेन्द्रबहादुर चन्द र फेरि नेकाको समर्थनमा सूर्यबहादुर थापा प्रधानमन्त्री बन्नेजस्ता असंगतिपूर्ण कार्य भए। त्यसपछि हालसम्म एमाले, कांग्रेस र माओवादीको नेतृत्वमा बनेका सरकार र त्यसमा समावेश भएका अन्य दलका कतिपय मन्त्रीहरू समेत कुनै न कुनै भ्रष्टाचारको काण्डमा मुछिन पुगे। संघीयता र गणतन्त्रसहितको संविधान जारी भएपछि देश र जनताको कायापलट हुनेछ भन्ने नेपाली जनताको आशा र अपेक्षामाथि तुषारापात र वज्रपात हुन पुग्यो। नेपालको राजनीतिक व्यवस्था कसरी डेकाडेन्टको दलदलमा भासिँदै गएको छ, देहायका तथ्यले पुष्टि गर्छ।

**१) भ्रष्टाचार र दण्डहीनतामा बढोत्तरी**

दलका उच्च पदस्थ नेता र सरकारको प्रत्यक्ष संलग्नतामा वाइडबडी, ओम्नी, यति, बालुवाटार जग्गा, गिरि–बन्धु, सुनकाण्ड, टी–स्टेट, पतञ्जलि, प्रिटिङ प्रेस, भुटानी शरणार्थी, करछुट, सहकारी ठगीजस्ता थुप्रै ठुल्ठुला भ्रष्टाचारका काण्ड भए। यी कुनै काण्डको निष्पक्ष र न्यायिक छानबिन भएको छैन। अदालतले समेत चयनमुखी अभियोजन भनेर नियमनकारी निकायमाथि नै गम्भीर प्रश्न खडा गरिदिँदा समेत नैतिकताको सवाल आकर्षित भएको छैन। यी घटनाले के पुष्टि गरेको छ भने नियमनकारी निकाय समेत तिनीहरूकै कब्जामा रहेका छन्।

**२) सत्ता प्राप्तिका लागि सिद्धान्तहीन गठबन्धन**

यसबिचमा भएका सत्ता गठबन्धनमा कुनैमा पनि संगति देखिँदैन। परस्पर विरोधीत्र प्रतिस्पर्धीत्र फरक मूल्य–मान्यता, विचार, दृष्टिकोण तथा सिद्धान्त भएका दलका बिचमा स्वार्थकेन्द्रित गठबन्धन बन्ने र भत्कने प्रक्रिया जारी छ। दलहरूले सत्तामा पुग्न र टिकाउनका लागि विचार, सिद्धान्त र आदर्शको बलिदान दिएका छन्। राजनीतिलाई सेवा होइन स्वार्थको घृणित खेल बनाएका छन्।

**३) जनभावनामाथि कुठाराघात**

लोकतन्त्र र संघीयताको कार्यान्वयनसँगै जनताले सुख, शान्ति, समृद्धि, स्वास्थ्य, शिक्षा, सुरक्षा, रोजगारीजस्ता आधारभूत आवश्यकताको सुनिश्चितताको अपेक्षा गरेका थिए। मौजुदा लोकतन्त्रको थप लोकतान्त्रिकीकरण गर्नेत्र दलभित्रको प्रजातन्त्रलाई सुदृढ गर्दै नेतृत्व हस्तान्तरण गर्ने राजनीतिक संस्कृतिको विकास होला भन्ने आशा र अपेक्षा समेत जनताले गरेका थिए तर जनताका यी सबै आशा र अपेक्षा निराशामा परिणत भए। अर्थात् जनभावनामाथि कुठाराघात भयो।

**४) सत्ता र शक्तिका लागि दलहरूको विभाजन र एकीकरण**

आफूलाई मात्र क्रान्तिकारी, राष्ट्रवादी र जनताको साँचो प्रतिनिधि ठान्ने काङ्ग्रेस, कम्युनिस्ट र मधेसवादीजस्ता दलहरूमा हुने एकता, विभाजन र गुटबन्दीमा विचार, दृष्टिकोण, सिद्धान्त र एजेन्डाको कुनै भूमिका देखिँदैन। केवल सत्ता प्राप्ति, शक्ति अभ्यास, एक–दुई थान मन्त्री वा राजनीतिक नियुक्तिजस्तो स्वार्थ मात्र देखिन्छन्। यस्तो प्रवृत्तिले दलहरूलाई मूल्यहीन बनाउँदै लगेको छ।

**५) जनआवाजप्रति बेवास्ता**

सत्तारूढ दलहरू राज्य शक्तिलाई आफूमा केन्द्रित गर्न उद्यत छन्। न्यायिक निकाय लगायत संवैधानिक अंगलाई कमजोर र पङ्गु बनाइएको छ। नागरिक आवाज, प्रदर्शन वा शान्तिपूर्ण आन्दोलनलाई दमन गरिएको छ। प्रेस स्वतन्त्रतामाथि विभिन्न बहानामा अंकुश लगाउन, जनआवाजहरूलाई प्रतिनिधित्व गर्ने संस्थाहरूलाई कमजोर र भ्रष्ट बनाउन समेत दलहरु उद्यत छन्।

मिडिया, नागरिक समाज वा आफ्ना प्रतिस्पर्धीका स्वरलाई जबर्जस्ती दबाउनत्र संसद्लाई समेत कठपुतली बनाउँदै जनताप्रतिको जवाफदेहितालाई कमजोर बनाउनमा सत्तारूढ नेतृत्व लागेको देखिन्छ। न्यायपालिका तथा संवैधानिक आयोगहरूजस्ता निकायको नियुक्तिमा समेत विज्ञताको बेवास्ता गर्दै राजनीतिक भागबण्डाका आधारमा आ–आफ्ना झोलेहरू नियुक्ति गरिएको देखिन्छ। जसले मुलुकमा लोकतन्त्रलाई खोक्रो बनाउँदै संवैधानिक अलंकारमा सीमित तुल्याएको छ।

यस्ता प्रवृत्तिले निराश हुने जनताको संख्या बढ्दै गएको छ। प्रतिभाको तीव्र पलायन भइरहेको छ। मुलुक आर्थिक रूपमा जर्जर बन्दै ऋणमा डुब्दै छ। परिणामस्वरूप राज्यप्रति जनताको विश्वास गुम्दै गएको छ। लोकतन्त्रको आत्मा छियाछिया भएको छ। शासन प्रणाली डगमगाउन थालेको छ। प्रियतावाद र 'डेमागग'को उदय भएको छ, जुन आफैँमा राजनीतिक समस्या र तानाशाही प्रजातन्त्रको मुखुन्डो हो। अब देशलाई असफल राष्ट्र हुन र डुब्नबाट बचाउनका लागि दोस्रो बराहरूपी अवतारका रूपमा नयाँ तथा वैकल्पिक राजनीतिक शक्तिको जन्म हुन आवश्यक छ। जसरी विश्व इतिहासमा रोमन साम्राज्यको पतन, फ्रान्सेली राज्यक्रान्ति तथा १९औं शताब्दीको अन्त्यतिर ल्याटिन अमेरिकी र अफ्रिकी मुलुकमा तानाशाहहरूको अन्त्य भएको थियो।

**डेकाडेन्ट राजनीतिक व्यवस्थाबाट मुक्ति कसरी पाउने ?**

डेकाडेन्ट राजनीतिक व्यवस्था वा प्रणालीबाट मुक्ति पाउनका लागि राजनीतिक चेतना र नागरिक जागरुकता पहिलो सर्त हो। निर्वाचनमा सही नेतृत्व चयन गरिनुपर्छ। मतदाताहरू परम्परा, भ्रम र लोभबाट मुक्त हुनुपर्छ। न्यायपालिका, संवैधानिक आयोगहरू, नागरिक समाज, सञ्चारका माध्यमहरू स्वतन्त्र र निष्पक्ष हुनुपर्छ। नेतृत्व जनता र राष्ट्रप्रति जवाफदेही हुनुपर्छ। जनता भनेका दलका झोले र भिडहरू होइनन्, सार्वभौम अधिकारसम्पन्न राष्ट्र निर्माता चेतनशील नागरिक हुन् भन्ने मान्यतालाई स्थापित गरिनुपर्छ। राजकीय सत्ता शक्ति होइन, जनताको सेवा गर्ने प्लेटफर्म हो भन्ने सोचको विकास गर्नुपर्छ। उच्च नैतिकता, आदर्श, राष्ट्रियता, समावेशिता, सहिष्णुताजस्ता मूल्यको पुनः स्थापना गर्नुपर्छ। पुराना, असफल, भ्रष्ट, तानाशाही प्रवृत्तिका नेताको विकल्प खोज्नुपर्छ। नयाँ पुस्ता र शक्तिलाई राजनीतिमा अवसर दिनुपर्छ। राज्य वा सरकार अब पूर्ण रूपमा डेकाडेन्ट भए भनी नागरिकले ठहर गरेको खण्डमा लोकतान्त्रिक आन्दोलनको माध्यमबाट तिनीहरूलाई विस्थापित गर्नुपर्छ।

वर्तमान सन्दर्भमा नेपालको लोकतन्त्रको डेकाडेन्ट यात्रा सुरु भएको माथि उल्लिखित थुप्रै सूचांकले प्रस्ट संकेत गरेका छन्। यस्तो अवस्थाबाट संघीय लोकतान्त्रिक गणतन्त्रलाई जोगाउन, समुन्नत र समृद्ध राष्ट्र निर्माण गर्न, उन्नत संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास गर्नका लागि देहाय बमोजिम हुन वा गर्न आवश्यक देखिन्छ – १) राज्य संरचनाको रि–इन्जिनियरिङ गर्ने। २) दलहरूमा नेतृत्व हस्तान्तरणको संस्कृतिको विकास गर्ने। ३) वैकल्पिक राजनीतिक शक्तिको निर्माण गर्ने। ४) नागरिक समाज र सञ्चारका माध्यमको सशक्तीकरण गर्ने। ५) लोकतन्त्रको मेरुदण्डका रूपमा रहेका स्वतन्त्र र निष्पक्ष न्यायालय, संवैधानिक आयोग र पत्रकारिताको विकास गर्ने। ६) भ्रष्टाचार र बेथितिका विरुद्धको अभियानमा

–बाँकी तीन पेजमा

## ‘डेकाडेन्ट’...

बृहत् नागरिक सहभागिता जुटाउने। ७) राजनीतिक शिक्षा र जनचेतनाको विकासलाई उच्च प्राथमिकता दिने। ८) दलभित्रको लोकतन्त्रलाई सुदृढ गर्ने। गुटबन्दीको अन्त्य गर्ने। नेतृत्व हस्तान्तरणलाई राजनीतिक संस्कृतिका रूपमा विकास गर्ने। ९) शासकीय स्वरूप र निर्वाचन प्रणालीमा परिवर्तन गर्ने। १०) लोकतन्त्रको पुनर्व्याख्या गर्दै दलतन्त्र र गुटतन्त्रबाट बाहिर निकाल्ने, इत्यादि।

डेकाडेन्ट राजनीतिक अवस्था नेताको स्वार्थकेन्द्रित प्रवृत्तिका कारण सिर्जना भएको समस्या हुनुका साथै जनताको मौनता, विकृत राजनीतिक संस्कार र नयाँ नेतृत्वको अभावको परिणाम पनि हो। तसर्थ यो अवस्थाको अन्त्यका लागि परिवर्तन सर्वशक्तिमान मतदाता नागरिकबाटै हुनुपर्छ। सचेत नागरिकले बहस चलाउने, प्रतिरोध गर्नुको साथै वैकल्पिक नेतृत्व र शक्तिको निर्माण गर्नुपर्छ। भनिन्छ, समाज भ्रष्ट र दुष्ट मानिसका कारणले मात्र बिग्रेको होइन भद्र र बौद्धिक मानिसको मौनता र अल्छीपनका कारणले पनि बिग्रेको हो। रातोपाटीबाट

## अनलाइन ...

नियमनसम्बन्धी काम सञ्चार तथा सूचना प्रविधि मन्त्रालयकै मातहत हुनुपर्ने युनियनका महासचिव दिलिप पौडेलले बताए। उक्त प्रावधान खारेजीको माग गर्दै महासचिव पौडेलले मिडिया काउन्सिल विधेयकमा यी विषयहरू अटाउनुपर्ने बताए। ‘सञ्चालन तथा नियमनको काम पनि सञ्चार मन्त्रालय मातहत नै हुनुपर्‍यो, गृह मन्त्रलाय मातहत पुर्‍याइनु भएन,’ उनले भने।

प्रेस सेन्टर नेपालले पनि यसको विरोध गरेको छ। विज्ञप्ति निकाल्दै सेन्टरका महासचिव मनोज घर्तीमगरले सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मातहतको निकायमा हुँदै आएको दर्ताको काम गृह मन्त्रालय मातहतको निकायमा हुने गरी व्यवस्था गरिनु दुखद् रहेको बताएका छन्। सेन्टरले उक्त प्रावधानमार्फत सरकारले मिडिया नियन्त्रण गर्न खोजेको आरोप लगाएको छ। ‘संविधान र राष्ट्रिय आमसञ्चार नीति कार्यान्वयनका लागि नयाँ कानुन बन्ने प्रक्रियामा रहेको सन्दर्भमा सरोकारवालाहरूसँग छलफल बिना हतपत कानुन संशोधन गरेर यो व्यवस्था गरिनु मिडिया नियन्त्रण गर्न खोज्नु, संघीयता अस्वीकार गर्नु, संविधान र आमसञ्चार नीति कार्यान्वयन नगर्नु र अनलाइन सञ्चार माध्यमलाई अन्यौलग्रस्त बनाउनु हो,’ विज्ञप्तिमा भनिएको छ।

प्रावधान ल्याएपछि सरकारले विगत तीन दिनयता अनलाइन सञ्चारमाध्यम दर्ता प्रक्रिया रोकेको छ, जसको चौतर्फी विरोध भइरहेको छ।

## स्थानीय हाटबजार...

बजारको व्यवस्थापन नहुँदा यस्तो समस्या किसानहरुले भोग्दै आइरहेको सिरहाका नागरिक अगुवा शिवकुमार महराले भने।

उनले भने, “गोलबजारको दुबै सडक किनारमा लाग्ने तरकारी हाट व्यवस्त सडकमा गतिमा जाने सवारी साधनको चपेटामा पर्ने हो भने ठुलै जन धनको क्षति हुने देखिन्छ। यस्तो विषयमा स्थानीय सरकार गम्भीर हुन नसक्नु चिन्ताको विषय हो।” यस्तै लहान भगवानपुर सडकमा पर्ने लहान–२३ गढामा, सखुवानन्कारकटी गाउँपालिका–५, महेश्वारीमा व्यस्त सडकमा लाग्ने कृषि हाट बजारको व्यस्थापन गर्न सरोकारवालाहरूले चासो नलिँदा कुनै दिन ठुलै धनजनको क्षति बेहोर्नुपर्ने स्थानीय शिक्षक भोगेन्द्रप्रसाद यादवको बुझाइ छ।

हुलाकी मार्गमा पर्ने नवराजपुर गाउँपालिकाको सोनवर्षा चोकमा कृषकका लागि बनाएको गिलेसनमा घाम पानीमा सवारी साधन राख्न थालेपछि कृषकहरूले तरकारी व्यस्त सडकको किनारमा बेच्नु परिरहेका बाध्यता स्थानीयहरूले गुनासो पोखेका छन्। देशमा लोकतन्त्र बहाली भएपछि गाउँगाँउमा सडक सञ्जालको विस्तार भएपछि हाटबजार लाग्ने क्रम हवातै बढेको छ। लाग्ने हाट बजारहरू प्राय व्यस्त सडकको किनारमा नै लाग्ने परिपाटीले हाट बजार व्यवस्थित हुन सकेको छैन। हाट बजार लाग्न थालेपछि हरेक गाउँमा तरकारी उत्पादनतर्फ किसानहरूको आकर्षण समेत बढेको कृषक अगुवा लहान–२१ का भोरिल यादवले सुनाए। उनको अनुसार हाटबजार लाग्नु विकास नै हो तर व्यस्थित हाट बजार नलाग्दा घाम पानी र सुरक्षा अति नै चुनौती रहेको छ। स्थानीय सरकारले किसानको समस्यामा आलटाल गर्ने प्रवृति ठीक होइन।

जिल्लाका १७ वटै पालिकामा लाग्ने हाट बजारलाई व्यवस्थित गर्न किन नसकेको जिज्ञासा सिराहा जिल्ला समन्वय समिति सिराहाका प्रमुख दिनेशकुमार महतोसँग राख्दा उनले भने, “सडक सञ्जालको विकासले हरेक स्थानीय तहमा लाग्ने गरेको हाटबजार अधिकांश अव्यवस्थित नै रहेको छ। यसको व्यवस्थापन आवश्यक रहेकाले १७ वटै पालिकाहरूसँग कृषि ज्ञान केन्द्र लगायत सरोकारवाला निकायहरूलाई राखेर व्यवस्थित गर्न पहल थाल्ने छु।”

> छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# कर्णाली बैंक घोटाला : वडाध्यक्ष र चिकित्सकसहित १०३ जना फरार

**सिराज खान**




नेपालगन्ज, २२ साउन। नेपालगन्जमा प्रधान कार्यालय रहेको कर्णाली डेभलपमेन्ट बैंक लिमिटेडमा भएको घोटालामा बहालवाला वडाध्यक्षदेखि बैंकका उच्च कर्मचारी, सञ्चालक, चिकित्सक, नेता लगायत अडिटर समेत गरेर १०३ जना फरार रहेका छन्। नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) को अनुसन्धानपछि जिल्ला सरकारी वकिल कार्यालय बाँकेले उच्च अदालत तुलसीपुरको नेपालगन्जस्थित वाणिज्य इजलासमा १०९ जनालाई प्रतिवादी बनाएर साउन १४ गते दायर गरिएको मुद्दामा चार जना पक्राउ परेको, दुई जनाको मृत्यु भइसकेको र १०३ जना फरार रहेको उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलाशले जनाएको छ।

उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलाशका सूचना अधिकारी बलबहादुर विष्टका अनुसार सो मुद्दामा पक्राउ परेका बैंकका तत्कालीन प्रमुख कार्यकारी अधिकृत राजेन्द्रवीर रायसहित पूर्व अध्यक्ष पशुपतिदयाल मिश्रा र वित्तशाखा प्रमुख बेदप्रकाशसिंह ठकुरीलाई अदालतले पूर्पक्षका लागि थुनामा पठाउने आदेश बुधबार दिएको थियो भने नेपाल राष्ट्र बैंकका पूर्व कर्मचारी भुवन बस्नेतलाई दुई लाख रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दिएको थियो। उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलाशका न्यायाधीशहरू चन्द्रबहादुर सारु र पुनमसिंह चन्दको संयुक्त इजलाशले सो आदेश दिएको हो।

४५ पृष्ठ र ३२ बुँदामा रहेको अदालतको सो आदेशमा फरार रहेका १०३ जना प्रतिवादीको हकमा कानुन बमोजिम म्याद जारी गरी नियमानुसार गर्नु भनि आदेश भएकोले फरारलाई पक्राउ गर्न प्रहरीलाई ३५ दिने म्यादसहितको पक्राउ पुर्जी पठाउने अदालतका सूचना अधिकारी विष्टले बताउनुभयो। उहाँले धेरै जना प्रतिवादी फरार रहेकोले पक्राउ पुर्जी जारी गर्न एक दुई दिन लाग्ने पनि बताउनुभयो। १०५ जनाको फरार सूचीमा रहेका राप्ती पोलिमर्स प्रालिका सञ्चालक महेशजङ्ग थापाको २०७८ साल वैशाख ३१ गते तथा कर्णाली डेभलपमेन्ट बैंकका तत्कालीन कर्मचारी धनन्जय कश्यपको २०८२ साल वैशाख ५ गते मृत्यु भएको थियो। बाँकी रहेका १०३ जनाविरुद्ध पक्राउ पूर्जी जारी गरिने अदालतले जनाएको छ।

कर्णाली डेभलपमेन्ट बैंकको घोटालामा फरार सूचीमा रहेका १०३ जना मध्ये बैंकका उच्च कर्मचारी, सञ्चालक, राजनीतिक दलका नेता, चिकित्सक र लेखा परीक्षकसमेत रहेका छन्। फरार सूचीमा रहेकामध्ये बैंकका अध्यक्ष डा. ओमप्रकाश मिश्र, पूर्व प्रमुख कार्यकारी अधिकृत दिनेशकुमार रावत, निरजविक्रम शाह र विष्णुप्रसाद कक्षपति, बैंकका पूर्व नेपालगन्ज शाखा प्रमुख दीपा थापा हुनुहुन्छ।

डुडुवा गाउँपालिका–६ का बहालवाला वडाध्यक्ष मोहनराम मिश्र, वरिष्ठ चिकित्सक डा. उषा राणा शाह, राजनीतिक दलका नेता ओमप्रकाश आजाद र ओमप्रताप राणा फरार सूचीमा रहेको जनाइएको छ। लेखापरीक्षक विनमकुमार श्रेष्ठ, भुवनप्रसाद गैरे, तुलाराम कुर्मी, केशवप्रसाद न्यौपाने र शुरेशचन्द्र श्रेष्ठ सो बैंक घोटालामा फरार सुचीमा हुनुहुन्छ।

बैंकमा घोटाला गरेको भन्दै पक्राउ परेका चार जनासहित १०९ जनालाई प्रतिवादी बनाएर तीन अर्ब २० करोड ११ लाख ५४ हजार १५७ रुपियाँ तीन पैसा बिगो कायम गरेर उच्च अदालतमा मुद्दा दर्ता गरिएको थियो। राष्ट्र बैंकबाट गठित व्यवस्थापन समूहका तर्फबाट अख्तियार प्राप्त समूहका सदस्य उपनिर्देशक जुगलकिशोर कुशवाहको जाहेरीले सो मुद्दा दर्ता गरिएको हो।

# किसानको खेतबाट कसले पार्छ ट्रान्सफर्मर गायब ?

**गौरव पोखरेल, शैलेन्द्र महतो**

काठमाडौं/जनकपुर, २२ साउन। खडेरीले मधेश आक्रान्त भएका बेला पर्साको जगरनाथपुर गाउँपालिका–३, जमुनियामा डिप बोरिङका लागि जोडिएको ५० केभीको विद्युत् ट्रान्सफर्मर एकाएक गायब भयो। स्थानीय एक व्यक्तिले झुण्डिएर आत्महत्या गरेपछि गाउँले एकठाउँ भेला भएका थिए। तर, सिंगो जमुनिया शोकमा रहेको समय चोरीमा गर्ने नियत भएकाहरूका लागि भने अवसर बन्यो। ‘गाउँका सबैजना मरिमराउ भएको ठाउँमा जम्मा गएका थिए, भोलिपल्ट हेर्दा मुख्य सडक छेऊमै भएको ट्रान्सफर्मर गायब छ,’ वडाध्यक्ष सुभाषकुमार यादव भन्छन्, ‘सबै एकैठाउँमा भएका बेला उनीहरूले लाइन काटेर चोरी गरेछन्।’

यादवका अनुसार, स्थानीयवासीले थाहा पाउँदा त्यहाँ ट्रान्सफर्मरको खोक्रो बट्टा मात्र बाँकी थियो। ‘भित्र भएको तामाको तारजति सबै निकालेछन्, क्वाइल केही बाँकी राखेनन्,’ उनले भने, ‘तामा निकालेर बाँकी सामान चाहिँ त्यही छाडेर हिँडेको पाइएको थियो।’ यो घटनाको पृष्ठभूमि हेर्दा चोरीमा संलग्न व्यक्ति विद्युत् सम्बन्धी राम्रो प्राविधिक ज्ञान भएको हुनसक्ने देखिन्छ।

२०८१ कात्तिक अन्तिममा भएको यो घटना गाउँको पहिलो ट्रान्फर्मर चोरी थिएन। वडाध्यक्ष यादवका अनुसार, डेढ वर्षअघि सिचाइँका लागि उपभोक्ता समितिको पहलमा धान खेतमा राखिएको ट्रान्सफर्मर पनि उस्तै शैलीमा गायब पारिएको थियो। ‘त्यो घटनामा चाहिँ वरिपरि घरहरू नभएको ठाउँमा भएको थियो, विशुद्ध कृषि प्रयोजनले राखिएको ट्रान्सफर्मर थियो,’ उनले अनलाइनखबरसँग सुनाए, ‘प्रहरीलाई समेत खबर गरियो, तर कुनै पत्तो नलागेपछि नयाँ जडान गर्‍यौं।’

मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख उमाप्रसाद चर्तुवेदीका अनुसार, विद्युत् ट्रान्सफर्मर चोरीका घटना प्रदेशका अधिकांश जिल्लामा रिपोर्ट भएका छन्। ‘तराईमा खेतहरू टाढा हुने र आसपासमा मान्छेको बसाइ पनि नहुने हुँदा त्यहाँ राखिएका ट्रान्सफर्मरहरू रातको समयमा चोरी हुने गरेको देखिन्छन्,’ प्रहरी नायब महानिरीक्षक (डीआईजी) चतुर्वेदी भन्छन्, ‘राति भएको घटनाको बिहान सूचना आउँछ, त्यतिञ्जेल भागेर कोही पारितिर पुगिसकेका हुन्छन्, कोही अर्को प्रदेशतिर जाने गरेको देखिन्छ।’

प्रहरी युनिटसम्म पुगेको सूचनाका आधारमा मधेश प्रदेशमा आर्थिक वर्ष ०८१/८२ मा २७, ०८०/८१ मा १३ र ०७९/८० मा ५ वटा ट्रान्सफर्मर चोरी भएको छ। मधेशलाई प्रदेश सरकारले विपद् संकटग्रस्त घोषणा गरेपछि विभिन्न जिल्लामा स्थलगत अध्ययनका लागि गएको कार्यदलले पछिल्लो वर्ष मात्र ५० वटा ट्रान्सफर्मर चोरी भएको भन्दै मुख्यसचिव एकनारायण अर्याललाई केहीअघि प्रतिवेदन बुझाएको थियो।

ट्रान्सफर्मर चोरी हुँदा मधेशमा खनिएका ३ सय डिप बोरिङ समेत प्रभावकारी रुपमा सञ्चालन हुन नसकेको कार्यदलले प्रतिवेदनमा उल्लेख गरेको थियो। प्रहरी रेकर्डले पनि अधिकांश चोरीका घटना कृषिलाई लक्षित गरेर ट्रान्सफर्मर राखिएका स्थानमा भएको देखाउँछ। कतिसम्म भएको छ भने डिप बोरिङ सञ्चालनका लागि जडान गर्न ठिक्क पारेर राखेको ट्रान्सफर्मर समेत गायब पारिएको छ। धनुषाको बटेश्वर गाउँपालिका–३ का रामचन्द्र शाहको खेतमा पोल गाडेर ट्रान्सफर्मर राखिएको थियो। विद्युत् प्रवाह हुने गरी तार जडान गर्न मात्र बाँकी थियो। तर, गएको १० साउनमा ट्रान्सफर्मर चोरी भएको स्थानीय बताउँछन्।

स्थानीयले यसबारे प्रहरीलाई जानकारी त गराए, तर संलग्नहरू पक्राउ परेका छैनन्। गाउँपालिकाले पाँच वर्षअघि त्यहाँ बोरिङ गाडेको भए पनि सञ्चालनमा आउन सकेको थिएन। यसपाली खडेरीका कारण घर बनाएर सञ्चालनमा ल्याउन तीब्रता दिइएको थियो। तर, सञ्चालनको अन्तिम तयारीमा रहेका बेला चोरीको घटना भएको थियो। ट्रान्सफर्मरको बढ्दो चोरी नेपाल विद्युत् प्राधिकरणका लागि समेत टाउको दुखाइको विषय बन्दै आएको छ। विद्युत् प्राधिकरण वितरण केन्द्र महेन्द्रनगर सखुवाका प्रमुख प्रविनकुमार मिश्र चोरी बढेपछि यसको सुरक्षाका लागि सिचाइँमा प्रयोग भएका ट्रान्सफर्मरलाई वेल्डिङ गर्न थालिएको बताउँछन्।

‘गाउँमा वेल्डिङ गर्नुबाहेक अरु विकल्प नै भएन,’ उनले भने, ‘वेल्डिङ भएकोमध्ये पनि एउटा चोरीको प्रयास भएको थियो, तर उनीहरू सफल भएनन्।’ विद्युत् प्राधिकरण मधेश प्रदेशका प्रमुख शम्भु कुशियत यादव चाहिँ प्रदेशमा हालसम्म ट्रान्सफर्मर चोरीमा संलग्न व्यक्ति पक्राउ नपरेको बताउँछन्। ‘अहिले यो समस्या एकदमै बढेपछि प्रहरी प्रशासनसँग समन्वय गरेर सामान कसरी बरामद गर्न सकिन्छ, कसरी यसमा संलग्न गिरोहसम्म पुग्न

–बाँकी अन्तिम पेजमा

## *किसानको खेतबाट...*

सकिन्छ भनेर छलफल गरिरहेका छौं,' उनी भन्छन्, 'पछिल्लो पटक यो समस्या धेरै देखिएको हो।'

प्रहरी भने आफूहरूले यो विषयलाई प्राथमिकता दिएर आरोपीलाई समात्ने प्रयास गरिरहेको बताउँछ। मधेशका प्रहरी प्रमुख चतुर्वेदीले तत्काल सूचना नआउँदा आरोपीसम्म पुग्न गाह्रो हुने गरेको उल्लेख गर्दै भन्छन्, 'यद्यपि, अहिले निगरानी बढाइएको छ।' चोरीको समस्या बढेपछि यसलाई हल गर्न मधेश प्रहरीले वेग्लै किमिसले अनुसन्धान गरिरहेको र चाँडै नतिजा देखिने उनी बताउँछन्।

तराईमा विद्युत् ट्रान्सफर्मर चोरीको घटना बढेपछि आफूहरूले विशेष अभियान नै चलाएर यसमा संलग्नलाई समातेको उनी बताउँछन्। प्रहरीले चोरीमा संलग्न व्यक्तिबाट विभिन्न किसिमका डायल रेन्च, पिलास, पेचकस, ह्याक्सो ब्लेड, खन्ती, ब्याट्रीसहितको इलेक्ट्रिक ग्रण्डर, पिकअप गाडी लगायत बरामद गरेको छ। 'उनीहरू मोरङ, सुनसरी र झापाका विभिन्न स्थानमा भएको ट्रान्सफर्मर चोरीका घटनामा संलग्न थिए,' कार्कीले थपे। प्रहरीका अनुसार, तामाको तार कम्तिमा १२०० रुपैयाँ प्रति किलोमा बिक्री हुने गरेको छ। त्यही कारण यसको चोरी हुने गरेको अधिकृतहरू बताउँछन्।

कोशी प्रदेश प्रहरीले यसमा संलग्नहरू समात्न सीसी टिभीमार्फत निगरानीसँगै चोरिएका सामान खरिद बिक्री हुनसक्ने सम्भावित कवाडी पसल, भाँडा पसल र तामा उद्योगहरुमा निगरानी गरेको थियो। त्यसका साथै कतिपय शंकास्पद स्थानमा खनतलासी समेत गरिएको अधिकृतहरू बताउँछन्।

# तीन सय एकहत्तर खानेपानी आयोजना अधुरै

ढल्केबर, २२ साउन। धनुषाको मिथिला नगरपालिका–५, विश्रामपुरमा १० वर्षअघि सुरु गरिएको खानेपानी आयोजनाको काम अझै पूरा भएको छैन। तत्कालीन खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय धनुषाले पाँच वर्षभित्र स्थानीयलाई स्वच्छ खानेपानी खुवाउने लक्ष्यसहित विसं २०७२ मा सो आयोजनाको काम सुरु गरेको थियो।

विश्रामपुरका ६१८ घरधुरीलाई शुद्ध खानेपानी उपलब्ध गराउने उद्देश्यले सुरु गरिएको खानेपानी योजनाको काम अलपत्र अवस्थामा रहेको स्थानीयको भनाइ छ। योजना अन्तर्गत ओभरहेड ट्याङ्की निर्माण, विद्युत् जडान, कर्मचारी भवन निर्माण, कार्यालयपरिसरको घेरबार भइसकेको छ भने डिप बोरिङ र पाइप लाइन विस्तारको काम बाँकी छ।

गाउँमा खानेपानीको सङ्कट उत्पन्न भएपछि खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय जलेश्वरले तत्काल वैकल्पिक विधिबाट सो खानेपानी आयोजना सञ्चालनमा ल्याउने तयारी थालेको छ। यस्तै मिथिला नगरपालिकाकै केमलीपुरमा १२ वर्षअघि सुरु गरिएको खानेपानी आयोजनाको काम आझै पनि अधुरो अवस्थामा छ।

यस्तो अलपत्र अवस्थामा रहेको यो दुई खानेपानी आयोजना मात्र होइन। आर्थिक वर्ष २०६६/६७ मा सुरु भएको धनुषाको सबैला खानेपानी आयोजना, आव २०६५/६६ मा सुरु भएको महोत्तरीको पशुपतिनगर खानेपानी आयोजना, आव २०६७/६८ मा सुरु भएको सर्लाहीको बसबरिया गाउँपालिकास्थित धनगढा खानेपानी आयोजना र धनुषाको



बटेश्वरको खानेपानी आयोजना अलपत्र अवस्थामा छन्।

पछिल्ला वर्ष फागुनदेखि साउनसम्मको भूमिगत पानीको सतह घट्दा धनुषासहित मधेशका जिल्लामा खानेपानीको हाहाकार हुने गरेको छ। खानेपानीका स्रोत इनार, चापाकल सुक्दा कतिपय ठाउँमा ट्याङ्करबाट खानेपानी वितरण गर्ने गरिएको छ। सहजै खानेपानी प्रवाह गर्न सक्ने खानेपानी आयोजना अधुरा र अलपत्र छन्।

मधेशको ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय अन्तर्गत रहेको खानेपानी तथा सरसफाइ महाशाखाका अनुसार प्रदेशका आठ जिल्लामा गरी ३७१ वटा खानेपानी आयोजना अधुरा छन्। ती खानेपानी आयोजना आव २०५६/५७ देखि २०७४/७५ सम्मका हुन्। प्रदेश सरकार स्थापना भएपछि २०७५ सालमा संघीय सरकारले ती आयोजना मधेश सरकारलाई हस्तान्तरण गरेको थियो।

खानेपानी तथा सरसफाइ महाशाखाका इन्जिनियर लक्ष्मी पन्थले हस्तान्तरण भएका ३७१ मध्ये हालसम्म ९४ आयोजनामार्फत मात्र पानी वितरण भइरहेको बताउनुभयो। यसबाहेक प्रदेश सरकारले आफैँ ८८ वटा नयाँ खानेपानी आयोजना निर्माण गरिरहेको छ। जसमध्ये नौ वटाबाट पानी वितरण सुरु भएको उहाँले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "बजेट अभावमा संघ सरकारले हस्तान्तरण गरेको खानेपानी आयोजना सम्पन्न गर्न ढिलाइ भएको हो। ससर्त अनुदानका योजना भएकाले प्रदेश सरकारले यसमा लगानी गर्न पाउँदैन।"

उहाँको अनुसार चालु आव २०८२/८३ मा संघीय सरकारले जम्मा १६ करोड रुपियाँ ससर्त अनुदान दिएको छ। ३७१ अधुरा योजना सम्पन्न गर्न आठ अर्ब रुपियाँ चाहिन्छ। वार्षिक रूपमा पठाइने न्यून बजेट र ससर्त अनुदानका कारण ती आयोजना सञ्चालनमा समय लाग्ने पन्थले बताउनुभयो। सबै आयोजना समयमै सम्पन्न भए मधेश प्रदेशका करिब १६ लाख नागरिकले शुद्ध खानेपानी पाउने छन्।

# निर्वाचन आयोगविरुद्ध १० दल एकजुटः 'स्वमूल्याङ्कन कार्यविधि' अस्वीकार्य

काठमाडौं, २२ साउन। नेकपा (माओवादी केन्द्र) सहित दश राजनीतिक दलले निर्वाचन आयोगले ल्याउन लागेको 'राजनीतिक दल स्वमूल्यांकन कार्यविधि' विरुद्ध एकबद्ध भएर विरोध जनाएका छन्। आयोगले आफ्नो क्षेत्राधिकार नाघेर दलहरूको स्वतन्त्रतामाथि हस्तक्षेप गर्न खोजेको र बहुदलीय लोकतन्त्रको मर्ममाथि आघात पुर्‍याएको आरोप लगाउँदै उनीहरूले उक्त मस्यौदा तत्काल फिर्ता नलिए राजनीतिक तथा कानुनी कदम चाल्ने चेतावनी दिएका छन्।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल, राष्ट्रिय स्वतन्त्र पार्टीका का.वा. सभापति, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष, एकीकृत समाजवादीका वरिष्ठ उपाध्यक्ष लगायत १० दलका शीर्ष नेताहरूले संयुक्त प्रेस वक्तव्य जारी गर्दै आयोगको कदमप्रति गम्भीर असहमति प्रकट गरेका हुन्। वक्तव्यमा भनिएको छ, 'संविधान र राजनीतिक दलसम्बन्धी ऐनको मर्मविपरीत, संघीय कानुनको दुरुपयोग गर्दै निर्वाचन आयोगले संघीय संसद्को क्षेत्राधिकार अतिक्रमण गर्ने प्रयास गरेकाले यसप्रति हाम्रो स्पष्ट असहमति तथा विरोध छ।'

दलहरूले आयोगको मस्यौदाले दलहरूको मूल्यांकन, सञ्चालन, रेखदेख र निर्देशन गर्ने व्यवस्था प्रस्ताव गरेकोमा आपत्ति जनाएका छन्। उनीहरूका अनुसार, यसले दलहरूको आन्तरिक स्वतन्त्रता कुण्ठित गर्ने र राजनीतिक प्रतिस्पर्धाबाट वञ्चित गर्ने खतरा छ। 'राजनीतिक दलको मूल्यांकन र अनुगमन जनताले निर्वाचनमार्फत गर्ने हो, संवैधानिक निकायले प्रशासनिक आदेशमार्फत गर्न मिल्दैन,' वक्तव्यमा उल्लेख छ। दलहरूले आयोगले प्रत्यायोजित विधायनको सिद्धान्तविपरीत छुट्टै ऐनजस्तो कानुन निर्माण गर्न खोजेको र दुई दलको वर्चस्वलाई संस्थागत गर्ने गलत मनसाय राखेको आरोपसमेत लगाएका छन्।

१० दलले संयुक्त वक्तव्यमार्फत आयोगलाई उक्त कार्यविधिको मस्यौदा अघि बढाउने कार्य तुरुन्त रोक्न सचेत गराएका छन्। उनीहरूले भनेका छन्, 'संविधान, विद्यमान कानुन, लोकतान्त्रिक मूल्य र विधिको शासनको सम्मान गरियोस्। अन्यथा, हामी यसविरुद्ध थप राजनीतिक तथा कानुनी कदम चाल्न बाध्य हुनेछौं।'

# धनुषामा सशस्त्र प्रहरी र तस्कर समूहबीच झडप

काठमाडौं, २२ साउन। धनुषाको विदेह नगरपालिका २ दुहवीको आँप बगैंचामा सशस्त्र प्रहरी र तस्कर समूहबीच झडप भएको छ। भारतबाट अवैधरूपमा नेपालतर्फ ल्याउँदै गरेको सामान नियन्त्रणमा लिने क्रममा गएराति झडप भएको सशस्त्रका सहप्रवक्ता डीएसपी शैलेन्द्र थापाले जानकारी दिनुभयो।

उहाँका अनुसार सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म महिनाथपुरबाट डीएसपीको कमान्डमा रहेको सुरक्षा फौजले तस्करीको सामान नियन्त्रणमा लिन खोज्दा तस्कर र स्थानीय बासिन्दा जम्मा भई सुरक्षाकर्मीमाथि ढुङ्गामुढा प्रहार गरेका थिए। स्थितिलाई नियन्त्रणमा लिने क्रममा सशस्त्र प्रहरी बलले चार राउन्ड हवाई फायर गरेको उहाँले जानकारी दिनुभयो। झडपका क्रममा स्थानीयले तस्करीको केही सामान लुकाएका छन् भने एउटा मोटरसाइकल र केही किराना सामान सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।










मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)